नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, दोलखा

फोन : ०४९-४२१११९
फ्याक्स : ०४९-४२१०८२
email: dolakha@dolma.gov.np

## जग्गा नामसारी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना !

दोलखा जिल्ला साविक भेड्पु गा.वि.स. वडा नं. २ बस्ने जमान सीं को बुहारी मकर ध्वजको श्रीमती नन्द माया अधिकारीका नाममा दर्तश्रिस्ता कायम रहेको दोलखा जिल्ला साविक घ्याङसुकाठोकर गा.वि.स. वडा नं. १ को कि.नं. २१२५ को क्षेत्रफल ००६०० व.मी. जग्गा नामसारीका लागि जमान सीं को नाती मकर ध्वजको छोरा नवराज अधिकारीको माग निवेदनमा संलग्न कागजात बमोजिम निज जग्गाधनी नन्दमाया अधिकारीको (मृत्यु दर्ता नं. १००१५८ मिति २०७७/१२/०१बमोजिम) मिति २०५४/११/१५ मा मृत्यु भएको र निजको श्रीमान मकरध्वज अधिकारीको पनि मिति २०४३/०५/०३ मा मृत्यु भएको, निज मृतक दम्पत्तिबाट कुनैपनि सन्तानको जायजन्म नभएको, मृतक जग्गाधनीको श्रीमान मकर ध्वज अधिकारीका तिन श्रीमती रहेको र मृतक जग्गाधनी माहिली श्रीमती, टिकामाया अधिकारी जेठी श्रीमती र कान्छी श्रीमती रणमाया अधिकारी रहेको, मृतक जग्गाधनी र मकरध्वज अधिकारीबाट कुनै सन्तानको जायजन्म नभएपश्चात सबैभन्दा नजिकको कानुनी हकवाला जेठी सौतेनी दिदी टिकामाया अधिकारी र कान्छी सौतेनी बहिनी रणमाया अधिकारी रहेकोमा जेठी सौतेनी टिकामाया अधिकारीको (द.नं. १००१४४ मिति २०७७/०९/१९)मिति २०७७/०९/१८ मा मृत्यु भएको र निज मृतकबाट २ छोरीहरुको मात्र जायजन्म भएकोमा छोरीहरुको विवाह भई अन्यत्र गएको, कान्छी सौतेनी बहिनी रणमाया अधिकारीको (द.नं. १०००८५ मिति २०७५/१२/१२ ) मिति २०७५/०६/१५ मा मृत्यु भएको र मृतकबाट दुई छोरी र एक छोरा निवेदक नवराज अधिकारीको जायजन्म भएकोमा छोरीहरुको विवाह भई अन्यत्र गएको र निवेदक नवराज अधिकारीले मृतक जग्गाधनी नन्दमाया अधिकारीलाई जिवित अवस्थामा पालनपोषण औषधी उपचार तथा परलोक पश्चात सामाजिक परम्परा अनुसार काजकिरिया समेत गरेको हुँदा मृतक जग्गाधनीको हकखाने (चलानी नम्बर ५५२ मिति २०७८/०९/११ को नाता प्रमाणित प्रमाणपत्र अनुसार) सबैभन्दा नजिकको हकवाला जग्गाधनीको सौतेनी छोरा निवेदक नवराज अधिकारी मात्र हुन भनी मेलुङ गाउँपालिका २ नं. वडा कार्यालयको चलानी नम्बर ४५० मिति २०८१/१०/२८ को किटानी सिफारिस बमोजिम नवराज अधिकारीबाट नामसारीका लागि निवेदन पेश भएको हुँदा उल्लिखित जग्गामा कसैको हकदावी छ वा छैन ?, कसैको हक जान्छ की ?, कुनै कसैलाई असर पर्छ की ? अन्य हकदार छन वा छैनन ? , सो सन्दर्भमा जानकारीको लागी यो ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेकको ३५(पैतिस) दिन भित्र आफ्नो हक दावीको प्रमाण साथ वा कानुन बमोजिम वारेस लिई यस कार्यालयमा उपस्थित हुन आउनुहोला । अन्यथा माग वमोजिम उक्त जग्गा नामसारी भई गएपछि कुनै किसिमको उजुर वाजुर लाग्ने छैन, भनी यसै सूचनाद्वारा सबैमा जानकारी गराईन्छ ।

कार्यालय प्रमुख